म्याग्दी जिल्लाको बाबियाचौरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक बाख्रापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३५ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ पौष १४ गतेदेखि १६ गते सम्म म्याग्दी जिल्लाको बाबियाचौर स्थित मगर समाज सेवाको हलमा **“व्यवसायिक उन्नत बाख्रापालन तालिम”** सम्पन्न गरेको संस्थाका पोखरा क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रमुख श्री नारायण प्रसाद न्यौपानेले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु पशु प्राबिधिकहरुको तर्फबाट श्री दीर्घ बहादुर खड्का र श्री आकाश जि.सी. र संस्थाको तर्फबाट क्षेत्रीय प्रबन्धक श्री नारायण प्रसाद न्यौपाने र शाखाप्रमुख श्री अर्जुन प्रसाद शर्मा रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरिरहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको, यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख श्री नारायण प्रसाद न्यौपानेले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको बाबियाचौर शाखा कार्यालयका प्रमुख श्री अर्जुन प्रसाद शर्माले प्रकाश पारेका थिए ।

बाख्रापालन व्यवसाय एक परिचय, स्थानीय र उन्नत बाख्रामा भिन्नता, बाख्रापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बाख्राहरुको जातिय परिचय, बाख्रापालन विधि, उमेर अनुसार पाठापाठी, बाख्रा बोकालाई भूँईको आवश्यकता

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, उमेर अनुसार बाखालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, प्रजननको लागि बाखा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातिय तथा प्रजातिय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी, थारा, ब्याउने बाखा, पाठा र पाठी र ब्याएको माउको हेरचाह, खोर, दानापानी दिने भाँडाहरुको सरसफाईको साथै खसी पार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी बाखाको पहिचान, रोग लाग्नाका कारण तथा बाखामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाखाको छ मासे रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपायबारे जानकारी, बाखामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय बाखापालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार ब्यवस्थापन, बाखापालनको स्किम, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने बाबियाचौर शाखाका शाखा प्रमुख अर्जुन प्रसाद शर्माले बताएका थिए ।




Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।

संस्थाले २०७६ पौष मसान्त सम्ममा करिब ३ लाख ६५ हजार घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७६ पौष मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब छ भने ग्राहक सदस्यहरुका करिब १० अरब बचत परिचालन गरेको छ । बाख्रापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका बाबियाचौर शाखाका शाखा प्रमुख श्री अर्जुन प्रसाद शर्माले जानकारी गराएका थिए ।

तालिमको उद्घाटन मंगला गाउँपालिका वडा नं. २ का वडाअध्यक्ष्य श्री धन बहादुर खाती क्षेत्रीले गर्नु भएको थियो । उद्घाटन सत्रमा श्री खाती क्षेत्रीले तालिमबाट लिएको ज्ञान सीपलाई उपयोग गर्दै आत्म निर्भरता तिर लाग्न सहभागीहरुलाई प्रेरित गर्दै तालिमको सफलताको कामना गर्नु भएको थियो । अन्त्यमा तालिमको मूल्याकंन सहभागी श्री भरत गिरी, सहभागी श्री खमाया फगामीले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा उन्नत बाख्रापालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । बाख्रापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपानेले जानकारी गराएका थिए । तालिमको संचालन बाबियाचौर शाखाका लेखापाल श्री रामबाबु रानाभाटले गरेका थिए ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.